# वयस्कहरूका लागि नयाँ स्वास्थ्य बिमा सुविधा

*जनवरी 1,2019 देखि शुरु हुने गरि, भर्जिनियामा बस्ने अझ धैरै वयस्कहरूले गुणस्तरीय, कम-मूल्यको तथा बिना-मूल्यको स्वास्थ्य बिमा लिन सक्नेछन्!*

## 1. वयस्कहरूका लागि नयाँ स्वास्थ्य बिमा सुविधा भनेको के हो?

मेडिकेडका नियमहरूमा परिवर्तन भएको छ। यसको अर्थ हो यदि तपाईंले विगतमा मेडिकेडका लागि आवेदन गरेर अस्वीकृत भएको थियो भने, तपाई अब योग्य हुन सक्नु हुनेछ। नोभेम्बर 1, 2018 देखि शुरु भएको, अब धैरै जनाले मेडिकेड मार्फत बिमाका लागि आवेदन दिएर योग्य हुन सक्नेछन्। सुविधाहरू जनवरी 1, 2019 देखि शुरु हुनेछ।

खुद्रा, निर्माण, शिशु स्याहार, ल्यान्डस्केपिङ, खाद्य सेवा तथा स्वास्थ्य बिमा नगराउने अन्य कतिपय ठाउँमा काम गर्ने मानिसहरू अब योग्य हुन सक्छन्।

वयस्कहरूका लागि नयाँ स्वास्थ्य बिमा सुविधाले न्यून-आय हुने परिवारहरूका लागि उत्कृष्ट सुविधाहरू प्रदान गर्छौं जो अन्यथा स्वास्थ्य उपचार सेवा पाउन नसक्ने पनि हुन सक्छन्।

## 2. यसबाट कुन कुन सेवाहरू समेटिन्छ?

नयाँ स्वास्थ्य बिमाद्वारा वयस्कहरूका लागि निम्न सेवाहरू समेटिन्छः

- चिकित्सक, अस्पताल तथा आकस्मिक सेवाहरू
- प्रेस्कृप्शन औषधिहरू
- प्रयोगशाला जाँच र एक्स-रे सेवाहरू
- मातृ तथा नवजात शिशु उपचार सेवा
- दीर्घकालीन उपचार सेवा तथा सहयोग सेवाहरू
- गृह स्वास्थ्य सेवाहरू
- दुर्व्यसन तथा आरोग्य प्राप्ति सेवाहरू लगायत व्यवहार स्वास्थ्य सेवाहरू
- शारीरिक, पेसेवर, तथा वाक चिकित्सा लगायत पुनरस्थापना सेवाहरू
- कुनै विकल्पहरू नहुँदा मेडिकेड-कभर्ड सेवाहरूमा यातायात
- परिवार नियोजन सेवाहरू
- चिकित्सा उपकरण तथा आपूर्तिहरू
- रोकथाम मूलक तथा सकुशलता सेवाहरू तथा जीर्ण रोग व्यवस्थापन सेवाहरू
- र अझ धैरै!

## 3. क कसलाई समेटिन्छ?

निम्न अवस्थामा वयस्कहरू नयाँ स्वास्थ्य बिमा सुविधाका लागि योग्य हुन सक्छन्:

- भर्जिनियाम बस्ने
- उमेर 19 – 64 भएको
- मेडिकेयर सेवा पाइ नरहेको वा योग्य नभएको
- परिवार संख्या अनुसार फरक पर्ने आय मापदण्डहरूको पूर्ति गर्ने

**वयस्क बिमा सुविधा आय सीमा (कुल)***

| परिवार सदस्य संख्या | मासिक | वार्षिक |
|---|---|---|
| 1 | $1,482 | $17,775 |
| 2 | $2,004 | $24,040 |
| 3 | $2,526 | $30,305 |
| 4 | $3,048 | $36,570 |
| 5 | $3,570 | $42,836 |
| 6 | $4,092 | $49,101 |

*जनवरी 13, 2021 देखि लागु। आय सीमाहरू वार्षिक समायोजन गरिन्छ।

## 4. आवेदन कसरी गर्नु?

तपाईंले निम्न मध्ये कुनैपनि तरिकाले स्वास्थ्य बिमा सुविधाका लागि आवेदन दिन सक्नुहुन्छ:

- कभर भर्जिनिया कल सेन्टरको 1-855-242-8282 मा कल गर्ने। दोभाषेहरू उपलब्ध हुन्छन्। हाम्रा प्रतिनिधिहरूले तपाईंले चाहेको भाषामा बोल्ने कसैसँग तपाईंको सम्पर्क गराउनेछन्।
- कमन हेल्प: www.commonhelp.virginia.gov मा गएर एउटा अनलाईन आवेदन भर्ने
- स्वास्थ्य बिमा बजार: www.healthcare.gov मा गएर एउटा अनलाईन आवेदन भर्ने
- तपाईंको स्थानीय सामाजिक सेवा विभागमा कागजको आवेदन हुलाकबाट पठाउने वा त्यहाँ खसाउने

आवेदन दिने क्रममा तपाईंलाई आवश्यक पर्ने कागजातहरूको सूचिका लागि, www.coverva.org मा जानुहोस् तथा आवेदन दिने पृष्ठमा क्लिक गर्नुहोस्।